म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक ५५ | सोमबार ७ असोज २०८१ | ने. सं. ११४४ ञलागा | 23 September 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ग्रिल तथा स्टिल व्यवसायीको ११ औं साधारणसभा

हेटौंडा, ६ असोज/मकवानपुर ग्रिल तथा स्टिल व्यवसायी संघको ११ औं वार्षिक साधारणसभा शनिवार हेटौंडामा सम्पन्न भएको छ । ग्रिल तथा स्टिल व्यवसायी महासंघ नेपालमा आवद्ध मकवानपुरका व्यवसायीको साधारणसभा भएको हो ।

ग्रिल तथा स्टिल व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष ठुलोबाबु श्रेष्ठको प्रमुख आतिथ्यता एवम् जिल्ला अध्यक्ष केशव प्रसाइको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा केन्द्रीय उपाध्यक्ष बिष्णुमाया उचही, महासचिव विवेकदास श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघका बस्तुगततर्फका उपाध्यक्ष राजु अधिकारीलगायतले मन्तव्य व्यक्त गरेका थिए । जिल्लामा रहेका १५० ग्रिल तथा स्टिल व्यवसायीले करिव ६०० जनालाई रोजगारी दिइरहेको सल्लाहकार प्रकाश पौडेलले जानकारी दिए । कार्यक्रम जिल्ला सचिव रविकृष्ण नकर्मीले सञ्चालन गरेका थिए ।

# बागमती सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक

भानुभक्त आचार्य

हेटौंडा, ६ असोज/ प्रदेशसभा सदस्यको सुझाव तथा नीतिगत मार्गदर्शन, सरकारमा सहभागी दलका घोषणापत्रमा उल्लेखित साझा विषयलाई सरकार सञ्चालनको मुख्य आधार बनाउने प्रतिवद्धता सहित बागमती प्रदेश सरकारले न्यूनतम साझा कार्यक्रम जारी गरेको छ । सरकारमा सहभागी नेपाली कांग्रेस र नेकपा (एमाले) बीच भएको सहमतिबमोजिम मन्त्रिपरिषद्को भाद्र २६ गतेको बैठकले पारित गरी नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरिएको बताइएको छ ।



मुख्यमन्त्री बहादुरसिंह लामा र नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले आइतबार सरकारको ६७ वटा बुँदामा न्यूनतम साझा कार्यक्रम जारी गरेका हुन् । राष्ट्रिय हीतको रक्षा र प्रदेशबासीको समृद्धिका लागि भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्न भ्रष्टाचार प्रति शून्य सहनशीलता अपनाइने, संविधानको सर्वोच्चता, कानूनी राज्य र सुशासनको प्रत्याभूति दिलाउनेगरी सरकार सञ्चालन गर्ने, संघीय सरकारसँगको समन्वयमा प्रदेश प्रहरी तथा प्रदेश अनुसन्धान ब्युरो स्थापना गर्ने न्यूनतम साझा कार्यक्रममा उल्लेख छ ।

प्रदेश सरकारका सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, प्रदेश सरकारले खटाउने व्यवस्थासहित प्रदेश निजामती सेवा ऐन र स्थानीय निकाय सञ्चालन ऐनको आवश्यक संशोधन र परिमार्जन गरिने, प्रदेश सरकार, संघीय सरकारप्रति परनिर्भर नभई आत्मनिर्भर र स्वायत्तरुपमा कार्य गर्न अत्यावश्यक कानून निर्माण गर्ने, योजना तर्जुमा, प्रदेशको बोझिलो संरचनाको अडिट गरी चुस्त र व्यवस्थित बनाउने, भ्रष्टाचार शून्य प्रदेशको पहिचान बनाउन भ्रष्टाचार नियन्त्रणलाई कडाई गर्ने, बेरुजुलाई नियन्त्रण र न्यूनीकरण गर्ने, पदाधिकारी तथा कर्मचारीको क्षमता विकासमा जोड दिइने उल्लेख गरिएको छ ।

राजनीतिक नियुक्त गर्दा व्यक्तिको क्षमता, योग्यता, विज्ञता र संवन्धित क्षेत्रमा गरेको योगदानका आधारमा निश्चित मापदण्ड बनाइ व्यवस्थित गरिने, बाढी, पहिरो, आगलागी तथा अन्य प्राकृतिक विपदमा परेका नागरिकको उद्दार, राहत तथा पुन:स्थापना कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाइने, भौगोलिक विकटता र पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिइ सन्तुलित, वातावरणमैत्री, गुणस्तरीय तथा दीगो विकासको अवधारणालाई आत्मसात गरी आवश्यक कार्यक्रम ल्याइने बताइएको छ ।

प्रदेशको बढ्दो सहरीकरण तथा यातायातको चापलाई न्यूनीकरण गर्न बैकल्पिक यातायातको नवीन प्रविधिको रुपमा आएको पोडवे, मोनोरेल, स्काइ पोडलगायतको सम्भाव्यता अध्ययन गरी काठमाडौं उपत्यकालगायत प्रदेशको प्रमुख सहरमा योजना कार्यान्वयनका लागि पहल गर्ने, सहकारी क्षेत्रमा देखिएका चर्को समस्यालाई दृष्टिगत गरी प्रदेश सरकारद्वारा गठित सहकारी समस्या समाधान सहजीकरण समितिमार्फत् सहकारी क्षेत्रमा जनताले भोग्नु परिरहेका ज्वलन्त समस्याको पहिचान गरी समाधान गर्न विशेष पहल गरिने उल्लेख गरिएको छ ।

वनक्षेत्रको अतिक्रमणलाई कडाइका साथ रोकिने, सवारीचालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) को यथाशीघ्र व्यवस्था मिलाइने, सबै सरकारी कार्यालयमा विद्युतीय सवारीसाधनको प्रयोगलाई प्राथमिकता दिइने, विद्युतीय सवारीको आयात नीतिलाई सरलीकरण गरी सबै आयातकर्ताका लागि खुला गरिने, स्वदेशमै विद्युतीय सवारीसाधनको उत्पादनलाई प्राथमिकता दिइने, लगानी बोर्ड स्थापनाको प्रक्रिया यथाशीघ्र पूरा गरिने, विशेष आर्थिकक्षेत्र घोषणा गरी लगानीमैत्री वातावरण निर्माण गर्दै रोजगारी प्रवर्द्धन गर्न विशेष कार्ययोजना सञ्चालन गरिने उल्लेख छ ।

२०६५ देखि बन्द भएको हेटौडा-टेकु रज्जुमार्ग (रोप वे) लाई संघीय सरकारसँगको सहकार्य र समन्वयमा पुन: सञ्चालनमा ल्याइने वातावरण निर्माण गरिने कार्यक्रम अघि सारेको छ । बागमती प्रदेशलाई प्रविधिमा आधारित पर्यटन र साहसिक पर्यटनका लागि अन्तर्राष्ट्रिय गन्तव्य बनाउन आवश्यक नीति निर्माण गर्ने, सरकारी र सार्वजनिक नयाँ पूर्वाधारको निर्माण गर्दा स्थानीय पहिचान झल्किने र पर्यटकका लागि आकर्षक बन्न सक्ने परम्परागत संस्कृतिलाई कलात्मक रुपमा सौन्दर्यकरण गर्ने, होमस्टे पर्यटन, ग्रामीण पर्यटन, पर्यापर्यटन जस्ता समुदायमा आधारित पर्यटन व्यवसाय सञ्चालन गरिरहेका उद्यमीका लागि आधारभूत विदेशी भाषा तालिम, सर सफाई र सुरक्षासम्बन्धी जनचेतना मूलक अभिमुखीकरण प्रदान गरी होमस्टे सेवालाई स्तरोन्नतीका लागि आवश्यक सहयोग गर्ने घोषणा गरिएको छ ।

एभोकाडो, ड्रागनफ्रुट लगायतका बजारमा अत्यधिक माग भएका फलफूल खेती गर्नका लागि कृषकलाई प्रोत्साहित गर्ने, संघ र स्थानीय तहसँग समन्वय गरी जमीनमा बाह्रैमहिना सिंचाई सुविधा पुऱ्याउने पहल गर्ने, प्रत्येक घरमा विजुली, प्रत्येक घरमा पक्की छाना भन्ने नाराकासाथ गरिब तथा विपन्न परिवारका लागि सुरक्षित आवासको व्यवस्था गर्ने, प्रदेश भित्र रहेका विभिन्न क्षेत्रका विशिष्ट प्रतिभाको खोजी गरी उनीहरुलाई संरक्षण गर्दै प्रतिभाको यथोचित कदर गर्ने वातावरण मिलाइने बताइएको छ ।

## आयोजकले जित्यो टी-२० क्रिकेटको उपाधि


साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ हेटौंडामा जारी वडास्तरीय टी-२० क्रिकेट प्रतियोगिताको उपाधि आयोजक नेपाल खेलकुद महासंघ ८ नम्बर वडाले हात पारेको छ ।

हेटौंडा-८, कमानेस्थित चन्द्रोदय माविको खेलमैदानमा शनिबारको फाइनल खेलमा वडा नम्बर ९ को ए टिमलाई ५ विकेटले पराजित गर्दै आयोजकले प्रथम टी-२० वडास्तरीय क्रिकेटको उपाधि जितेको हो । उपाधिसँगै आयोजकले नगद ५० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको हो । उपविजेतामा चित्त बुझाएको ९ एले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गऱ्यो ।

टस जितेर आयोजक टिमले ब्याटिङको निम्तो दिएपछि हेटौंडा-९ ए ले ९ विकेटको क्षतिमा १५२ रन जोड्यो । ९ ए का लागि क्याप्टेन युविन बुढाथोकीले अविजित ९२ रन बनाए । १५३ रनको विजयी लक्ष्यसहित ब्याटिङको लागि मैदान उत्रिएको आयोजक खेलकुद महासंघले ११ ओभर ५ बलमा लक्ष्य भेट्टायो । आयोजक टिमका लागि रमेश उपाध्यायले ३४ बलमा अविजित रहँदै ७४ रन बनाए ।

शुक्रबारको पहिलो सेमीफाइनल खेलबाट हेटौंडा-८ 'ए' लाई १०२ रनले हराउँदै आयोजक खेलकुद महासंघ वडा-८ कमिटी र वडा-२ लाई २३ रनले हराउँदै वडा-९ ले फाइनलमा भेट पक्का गरेका थिए । नेपाल खेलकुद महासंघ ८ नम्बर वडा कमिटीको आयोजनामा प्रतियोगितामा १९ टिमको सहभागिता रहेको थियो ।




## चित्लाङ स्वास्थ्यचौकी स्थानान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/थाहा नगरपालिका-९ मा रहेको चित्लाङ स्वास्थ्यचौकी नयाँ भवनमा स्थानान्तरण भएको छ । ९ नम्बर वडाको माझगाउँमा रहेको स्वास्थ्यचौकी टुप्पीखेलस्थित नयाँ भवनमा स्थानान्तरण गरिएको हो ।

भवन निर्माण सम्पन्न भएसँगै साँझेदार संस्था च्वाइस नेपालले २७ वैशाख, २०८१ मा नगरपालिकालाई हस्तान्तरण गरेको थियो । नवनिर्मित भवनको उद्घाटन गरिएको थियो । भवन निर्माण भई पालिकालाई हस्तान्तरण भएपछि थाहा नगरपालिकाले नयाँ भवनबाट सेवाप्रवाह गर्नका लागि ३० साउनमा स्वास्थ्यचौकीलाई परिपत्र गरेको थियो ।

स्वास्थ्यचौकी नयाँ भवनमा स्थानान्तरण गर्ने क्रममा १७ भदौमा केही स्थानीयले असहमति जनाएको भएपनि ५ असोजमा सहमति भइ नयाँ भवनमा स्थानान्तरण गरिएको हो । नयाँ भवनबाट सेवाप्रवाह गर्ने विषयमा ३१ भादौमा थाहानगरप्रमुख विष्णुबहादुर विष्ट, उपप्रमुख भरत गोपाली तथा नगरस्थित राजनीतिक दलका प्रमुख र सरोकारवालाबीच नगरपालिकामा छलफल भएको थियो ।

लामो समयदेखि चित्लाङ स्थित माझगाउँमा संचालनमा रहेको स्वास्थ्यचौकी भवन मापदण्ड अनुसार नभएकोले च्वाइस नेपालको सहयोगमा मापदण्ड अनुसार भवन निर्माण गरी स्थानान्तरण गरिएको थाहा नगरपालिका स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए । मापदण्डसहितको नवनिर्मित १४ कोठे स्वास्थ्यचौकी भवन निर्माणका लागि कूल २ करोड ९ हजार ४ सय ७० रुपैयाँ लागत अनुमान रहेको थियो ।




ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# प्रदेशको ऐन कार्यान्वयनमा समस्या

बागमती प्रदेशसभाबाट पारित भएका कानून कार्यान्यनमा समस्या किन आइरहेको छ ? बागमती प्रदेशसभाबाट पारित भएका कानून र यसको कार्यान्वयनको अवस्थामा सरोकारवाले राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयन हुनुपर्ने बताएका छन् । प्रदेश सरकारले जारी गरेका ऐन आफ्ना अनुकूलमा ल्याएको र पछि संघीय सरकारले त्यही ऐन ल्याएकाले दुइ सरकारले बनाएका ऐन एकहदसम्म बाझिने भएकाले कार्यान्वयनमा समस्या भएको बताएको छ । सार्वजनिक चासोको कुरामा नागरिकसमाज शसक्त र जिम्मेवार नदेखिएको आरोप पनि छ । बनेको ऐन कानून सही ढंगले बने वा बनेन, सही ढंगले कार्यान्वयनमा आए वा आएनन् त्यो पनि अनुगमन गर्नुपर्ने थियो ।

उद्योग, पर्यटन, वन तथा वातावरण समितिका सदस्यहरुले विधेयक ल्याइने ऐन, कानुन बन्ने र कार्यान्वयनमा लैजानेमा केही प्रवृत्तिगत समस्या रहेको बताएका छन् । विधेयकको मस्यौदा निर्माणको चरणमा पनि अन्तर मन्त्रालय, अन्तर समूह संगठनमा समन्वय छैन । कानून निर्माताबीचमै मतैक्यता छैन । सरकारमा को छ, उसको आस्था र स्वार्थ के हो ? भन्नेमा आधारीत भएर विधेयक आउँछ, ऐन संशोधन गरिन्छ । त्यही संशोधन पनि सर्वसम्मत होइन बहुमतले पारित हुन्छ अनि कसरी आश्यकता अनुसारको कानुन आउँछ ? देश, समय परिवेश अनुसारको आवश्यकतालाई अध्ययन गरेर विधेयक बन्दैन । सामाजिक परिवेश र आवस्था हेरेर भन्दा पनि कोही न कोहीबाट प्रभावित भएर कानून बनाइन्छ, अनि कार्यान्वयन पाटो फितलो हुन्छ । २० वर्षअघि विवाह गैरकानूनी भन्ने कानून कार्यान्वयन कमजोर हुनुको कारण यही भएको उदाहरण दिएका छन् उनीहरुले । कतिपय अवस्थामा संघीय कानुनको भरमा पनि प्रदेश मन्त्रालय चलेका छन् । बागमतीले श्रम यातायात मन्त्रालय, खानेपानी सरसफाइ मन्त्रालय यस्तो उदाहरण हुन् । बनेका कानून कार्यान्वन गराउने जिम्मेवारी कस्को हो ? यसको अनुगमन पर्ने, सहजिकरण गर्ने, प्रचारप्रसार गर्ने दायित्व कस्को हो ? कानूनको प्रभावकारी कार्यान्वयन नहुनुमा सरकारको स्थायित्व नहुनु पनि हो । सरकार स्थिर नभए पनि कानूनको प्रयोग, कार्यान्वयको लागि आवश्यक बजेट सबैतिर समस्या हुने बताइएको छ ।

सरकार बनाउन, परिवर्तन गर्न, टिकाउनमै रुमलिएपछि कानूनको कुराहरु ओझेलमै परेका छन् । सरकार सञ्चालन गर्ने दलले आफ्नो आवश्यकता, आफ्नो स्वार्थ हेरेर त्यो अनुसार ऐन बनाउने गरेको सांसदहरुले नै स्वीकार गरेका छन् । कानून संशोधन गर्दा, आफ्नो काम देखाउन खोजेको स्वार्थ स्पष्ट देखिन्छ । संशोधनको क्रममा छलफल हुन्छ, सुझाव दिने, लिने काम पनि हुन्छ तर, पारित गर्ने बेलामा सर्वसम्मत हुन सक्दैन, बहुमतको आधारमा हुन्छ । जनताको हितको लागि, तल्लो तहको आवश्यकतामा आधारित भएर विधेयक ल्याउने, कानून संशोधन गर्ने, यसको लागि सरोकारवाला अन्तरमन्त्रालय, समुदाय, बुद्धिजीवी बर्गसँग पर्याप्त छलफल नै हुँदैन । संविधानलाई आधार मानेर, अन्तराष्ट्रिय सन्धिहरुमा टेकेर कानून बनाइने भएपनि कार्यान्वयनको पाटो फितलो भएको छ । बनेका कानून अध्ययन र खबरदारी गर्ने बानीको विकास नागरिक समाजले पनि गर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज ८ गते मंगलबार २४ सेप्टेम्बर २०२४ । सप्तमी, आश्विन कृष्णपक्ष । नलागा ११४४ ने.सं. । सूर्योदय ५:५३, सूर्यास्त ५:५६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# हाम्रो अपेक्षाको नयाँ राजनीति



डा. सन्जिब हुमागाई

राजनीति के होबाट सुरु गरौं । सन् १९९२ को अमेरिकी राष्ट्रपति निर्वाचनमा बिल क्लिन्टन क्याम्पका गुरु मानिएका कार्भिलले 'राजनीति ! यो सब अर्थतन्त्र हो, पागल' भन्ने शब्दावली प्रयोग गरेका थिए र यो धेरै नै प्रचलित पनि भएको थियो । यसले आर्थिक विकास गर्नु नै राजनीति गर्नु हो भन्ने भाष्यलाई स्थापित गर्न मद्दत गर्‍यो । सन् २००६-०७ को विश्व आर्थिक मन्दी र त्यसको लामो प्रभाव, कोभिड-१९, जलवायु परिवर्तन जस्ता समस्याहरूले चलायमान अर्थतन्त्र प्राय: सबै देशको राजनीतिको अतुलनीय प्रमुख राजनीतिक मुद्दा बनेको छ ।

नेपाल पनि त्यसको अपवाद बन्न सकेन । यहाँ अलि फरक छ भने नीति, योजना, कार्यान्वयन, अनुगमन र सोही चक्रमा आधारित भएर नीति र योजनाको पुन: तर्जुमा, कार्यान्वयन र अनुगमन चक्रको अभ्यासभन्दा पनि गफ, घोषणा, निर्देशन, परिपत्र र अस्पष्ट विरोधहरू हाबी छन् । नीति योजनालाई कागजको घोडा मान्ने र सबै समस्याको समाधान नेता र उच्च-पदस्थ कर्मचारीहरूको दिमागबाट फ्याट्ट-फ्याट्ट आउने दैवीय क्षमता भएका महान् शासकहरूले भरिएको देशमा छौं हामी ।

फेरि राजनीतिमा नै जाऊँ । जरुर अर्थतन्त्र राजनीतिलाई व्याख्या गर्ने अपरिहार्य शब्द हो । राजनीतिशास्त्र र परराष्ट्र सम्बन्धका आधुनिक सिद्धान्तको जननी मानिएको कौटिल्य कृतिको नाम राजनीतिशास्त्र नभएर अर्थशास्त्र राखिएको थियो । प्राचीन ग्रीसमा सार्वजनिक जीवन र व्यक्तिगत जीवनलाई छुट्याइएको थियो । सार्वजनिक जीवन अन्तर्गत नागरिकहरूको गुजारा सम्बन्धी क्षेत्रमा गरिने कामलाई पोलिटिका वा राजनीति भन्ने गरिन्थ्यो । यसमा सहभागी हुने व्यक्तिहरूले आफैंले अवलम्बन गर्ने कानुन वा विधि तर्जुमा गरे जुन कालान्तरमा लोकतन्त्रको आधार बन्यो ।

यसरी हेर्दा आधारभूत रूपमा राजनीति भनेको सार्वजनिक जीवनमा आबद्ध नागरिकहरूले आम नागरिकको हितको लागि छलफल र संवादबाट आवश्यक नीति र नियम निर्माण गर्ने, त्यसको कार्यान्वयनको व्यवस्था गर्दै जाने गतिविधि हो । स्वाभाविक रूपमा शक्तिको बाँडफाँड त्यसको केन्द्रमा हुने नै भयो । राजनीतिलाई दार्शनिकहरूले विविध कोणबाट व्याख्या गरेका छन् । एरिस्टोटलले राजनीतिलाई व्याख्या गर्दा मानिसको चरित्रलाई ध्यान दिएका छन् र भनेका छन्- मानिस एक राजनीतिक जनावर हो । मानिस आफैंमा पूर्ण हुँदैन र सामाजिक सम्बन्धबाट मात्र पूर्णता पाउँछ । आम नागरिकहरूलाई खुशी बनाउनु नै राजनीतिको प्रधान विषय हुनुपर्दछ भन्ने उनको धारणा रहेको छ ।

म्याक्स वेबरले राजनीतिलाई अति नै सरल तरिकाले परिभाषित गर्दै भनेका छन्- राजनीति भनेको शक्ति र नियन्त्रणको वितरण हो । डेभिड इस्टोनका लागि राजनीति भनेको मूल्य र प्राधिकारको वितरण हो । सारमा राजनीति भनेको शक्ति र प्राधिकारको वितरणको विधि हो । र, यसको सन्तुलनको राजनीतिलाई हामी असल राजनीति भन्न सक्छौं ।

वर्तमान नेपाली राजनीतिमा शक्ति छ । जरुर त्यसको वितरणमा जटिल समस्याहरू छन् । यद्यपि सरकार र सत्ता हाँकिरहेका नेता, उच्च पदस्थ कर्मचारी एवं दलका नेताहरूसँग कागजमा लेखिएको शक्ति छ । आवश्यक पर्दा परिपत्र वा सर्कुलर जारी गरेर पनि थप शक्ति सिर्जना गर्छन् । तर राष्ट्र र राजनीति हाँक्ने प्राधिकार गुमाउँदै गएका छन् । यो नै आजको हाम्रो देशको सबैभन्दा ठूलो समस्या हो । शक्ति र प्राधिकार सन्तुलनको राजनीति नै हाम्रो परिकल्पनाको नयाँ राजनीति हो ।

नेपालको राजनीतिक बहसमा शक्तिको बारेमा धरै छलफल, चिन्तन गरे पनि प्राधिकार वा अथोरिटीले अझै पनि खासै स्थान प्राप्त गर्न सकेको छैन । प्राय: अथोरिटीलाई अधिकार भनेर अनुवाद वा प्रयोग गरेको पनि देखिन्छ । तर अधिकारले मात्रै अंग्रेजी शब्द अथोरिटीको भावलाई पूर्णता दिन सक्दैन ।

अधिकार माग गरेर वा लडेर लिने विषय हो भने प्राधिकार आफ्नै मन-मस्तिष्कबाट कुनै व्यक्ति वा संस्थाको विचार वा व्यवहारप्रति सिर्जना हुने विश्वास वा सम्मान हो । अवश्य पनि, यसले नागरिकहरूको व्यवहार र सम्बन्धमा प्रभाव पार्दछ । झट्ट सुन्दा उस्तै सुनिए पनि शक्ति र प्राधिकारमा धेरै भिन्नता छ । सँगसँगै दुई शब्द एकअर्कासँग परिपूरक पनि छन् । जहाँ शक्ति छ त्यहाँ मात्र प्राधिकारको परिकल्पना गर्न सकिन्छ र शक्ति वा प्राधिकारको छलफल एउटा सभ्य समाजलाई आधार मानेर मात्र गर्न सकिन्छ । शक्ति भन्नाले अरूको भावना वा विचारको पर्वाह नगरी आफूले सोचे अनुरूप व्यवहार गर्न लगाउन सक्ने क्षमता हो । तर यस्तो शक्तिले वैधता प्राप्त गर्न प्राधिकार आवश्यक पर्दछ । प्राधिकार चाहिं सरोकारवालाहरूको सहमतिमा सिर्जना हुन्छ ।

शक्ति व्यक्तिमा मात्रै अन्तरनिहित हुन सक्छ तर प्राधिकार सामाजिक एवं राजनीतिक सम्बन्धमा सिर्जना हुन्छ । जहाँ आफूसँग शक्ति भएका व्यक्ति वा संस्थाले शक्तिको निर्मम प्रयोग नगर्दा पनि आफूले चाहेको नतिजा निकाल्न सक्ने प्रतिष्ठा राख्छन् । यहाँ सरोकारवालाहरू स्वस्फूर्त रूपमा व्यवहार गर्छन् । जस्तै, हामी सडक बत्ती नभएको चोकहरूमा ट्राफिक प्रहरीको हातको इशारालाई हेर्दै सवारी चलाउने वा आवतजावत गर्ने गर्छौं । त्यसको लागि ट्राफिक प्रहरीले काँधमा बन्दुक बोक्नु वा हवाई फायर गर्नुपर्दैन ।

यदि तपाईंलाई विगतको तुलनामा ट्राफिक प्रहरीलाई सडकमा टेर्न छोडेको जस्तो लाग्दछ भने ट्राफिक प्रहरीले शक्ति होइन प्राधिकार गुमाएको हो । राजनीतिमा प्राधिकार हुनु भनेको नेतृत्वमा रहेका व्यक्तिहरूको विचारलाई नागरिक वा मातहतका कर्मचारी, वा सोही दलका कार्यकर्ताले स्वीकार एवं सम्मान गर्दै स्वस्फूर्त रूपमा अनुसरण गर्ने अवस्था हो । नेतृत्व सँगसँगै सरोकारवालाको आचरण वा क्षमता र उनीहरूको सम्बन्धले प्राधिकारको अवस्थालाई निर्धारण गर्दछ ।

खल्लो लाग्ला एउटा सिधा उदाहरण हेरौं : यदि कुनै दलका बहुसंख्यक कार्यकर्ताहरू अराजक छन् भने सो दलमा जति नै असल, इमानदार, सक्षम नेताहरू रहे पनि उनीहरूको विचार सो दलमा कार्यान्वयन हुने सम्भावना कम हुन्छ । यो उदाहरण राजनीतिक दलमा मात्रै लागू हुने होइन । राज्यका हर तह र निकाय, सार्वजनिक एवं सामाजिक संस्थाहरूमा पनि उत्तिकै लागू हुन्छ । प्राधिकार हाम्रो परिकल्पनाको नयाँ राजनीतिको बहसको केन्द्रबिन्दु हुनुपर्दछ । त्यस्तो राजनीतिमा प्रधानमन्त्रीदेखि हर कार्यालयका प्रमुखहरूले आफूले कसैको असहयोग वा कसैसँगको सम्बन्धका कारण खोजेको नतिजा दिन सकिन भन्ने गुनासो गरेर झारा टार्ने अवस्थाको परिकल्पनासम्म पनि गर्न सकिँदैन । त्यसो बोल्नु भनेको नै नेतृत्वमा प्राधिकार नरहेको प्रमाणित हुनु हो भन्ने भाष्य राजनीतिमा स्थापित हुनुपर्दछ ।

राजनीतिमा प्राधिकार स्थापित हुन नेता वा कर्मचारीको बोलीप्रति आम नागरिकले विश्वास गर्ने वातावरण बन्नुपर्दछ । त्यो विश्वास सिर्जना कसरी गर्न सकिन्छ, नयाँ राजनीतिको प्रधान प्रश्न बन्नुपर्दछ । नेताले कर्मचारीलाई र कर्मचारीले राजनीतिक नेतृत्वलाई सार्वजनिक रूपमा नै दोषारोपण गरेर आफूलाई पानीमाथिको ओभानो बनाउने गलत संस्कारको अन्त्य त्यो नयाँ राजनीति र प्राधिकार स्थापनाको अकाट्य प्रस्थान बिन्दु हो ।

दोषारोपणको राजनीति । देश भित्र हुने हरेक घटनामा विदेशीलाई देखाएर आफू चोखिने राजनीति । २-४ जना वरिष्ठ नेतालाई कोठाभित्र सहमति गरेर लोकतन्त्रमाथि नै उपहास गर्ने राजनीति । राज्यको सेवा र सुविधाको अधिकतम प्रयोग गरेर सुकिलामुकिला कपडा लगाएर निर्वाचित जनप्रतिनिधिलाई खिसिट्युरी गर्ने राजनीति । आफ्नो सिद्धान्त, नीति र कार्यक्रम नै स्पष्ट नहुने राजनीति । सदनलाई बाइपास गर्ने राजनीति ।

यीसँगै नेपाली जनतालाई विभाजित गर्दै, निराशा र नैराश्यता छर्ने र हाम्रो देशलाई विश्व मानचित्रमा सानो र कमजोर देश भनेर चिनाउन तल्लीन सबै प्रकारका पुराना र पाखण्डी राजनीतिलाई बिदाइ नगर्दासम्म नयाँ राजनीति स्थापित हुन सक्दैन । राजनीतिक दल र त्यसको नेतृत्व राज्य सञ्चालनको सिद्धान्तमा आधारित नीतिमा अडिग रहेर आफ्नो नीति एवं कार्यक्रमको बारेमा जनसमर्थन जुटाउन आम नागरिकसँग संवाद गर्ने, जनतासँगको संवादबाट आफ्ना नीति एवं कार्यक्रमलाई परिष्कृत गर्ने पद्धतिलाई अनुसरण गर्ने क्षमता र तत्परता देखाउँदा मात्र नयाँ राजनीति सम्भव छ । जब दलहरू त्यस्तो राजनीतिमा अविचलित रहन्छन्, त्यहाँ कर्मचारीले निर्वाचित नेतृत्वलाई नटेर्ने भन्ने हुँदै हुँदैन ।

राजनीतिक दल र नेतृत्वले प्रस्टसँग बुझ्नुपर्‍यो २१औं शताब्दीमा राजनीतिक प्राधिकार जनतासँगको निरन्तरको संवादबाट मात्र प्राप्त गर्न सकिन्छ । आम नेपाली जनतासँग रहेको सूचना, समाज, अर्थतन्त्र र राज्य सञ्चालनको बारेमा उनीहरूको धारणा एवं मागलाई नजर अन्दाज गर्ने दल र नेताको राजनीतिक भविष्यमा कालो बादल लागिसकेको छ ।

तसर्थ, भावना र इमानदारी सहितको 'संवाद' नै हामीले परिकल्पना गरेको नयाँ राजनीति हो । यसले लोकतान्त्रिक राजनीतिको जीवनको रूपमा रहेको प्राधिकारलाई स्थापित गर्दछ र अहिलेको शक्ति केन्द्रित पुरानो युगको राजनीतिलाई सदासदाको लागि बिदाइ गर्दछ ।

*(साभार: अनलाइनखबर)*

# संविधान दिवस र संविधान संशोधनको मुद्दा

बालकृष्ण मैनाली

संविधानलाई शासन सञ्चालनको महत्वपूर्ण औजार मानिन्छ । समुच्च संविधान देश सञ्चालनको मूल औजार हो भने संविधानका प्रत्येक धाराहरु सहयोगी औजारहरु हुन् । प्रत्येक धाराहरु क्रियाशील र सही अर्थमा कार्यान्वयन हुन पुगे भने देश शिखरमा चुम्न कतै समय लाग्दैन । छोटो समयमा तरक्की गरेका देशहरु उदाहरणको रुपमा बग्रेल्ती छन् ।

गत ३ गते बिहीबार देशको वर्तमान संविधानले नौ वर्ष पूरा गरेको छ । संविधान दिवस आउनुभन्दा एक हप्ताअगाडिदेखि संविधानले अंगिकार गरेका र संविधानका धाराहरुमा व्यक्त गरिएका शब्द तथा वाक्यहरुका बारेमा तिनीहरुको गुणगानदेखि लिएर संविधानले अंगिकार गरेका कुरालाई सत्तासीनहरुले समेट्न नसकेका धारणा, विचार र आलेखहरु बग्रेल्तीरुपमा खबर बजारहरुमा देखिए । यो आलेख पनि त्यसैको उउटा अंश हो । प्राय: गरेर संविधानलाई आ-आफ्नो राजनीतिक स्वार्थ अनुरुपमा प्रयोग गर्ने गरिएको कारण संविधानका धाराहरुले अवलम्बन गरेका लक्ष्यहरुको प्राप्तिमा तगारो उत्पन्न भएर सहिरह्यो ।

त्यति बेला संविधानसभाले वर्तमान संविधानलाई पारित गर्दा जनजनमा जुन उत्साह र खुशीयाली छाएको थियो, आजको दिनसम्म आइपुग्दा सो उत्साह र खुशीयाली हराएर गएको प्राय: जनलाई अनुभूति भैराखेको छ । संविधान दिवसको अवसर पारेर अहिले पनि पूर्वराष्ट्रपतिहरुदेखि लिएर वर्तमान राष्ट्रपतिसम्म, पूर्वप्रधानमन्त्रीदेखि लिएर वर्तमान प्रधानमन्त्रीसम्म, तत्कालीन संविधानसभाका सदस्यहरुदेखि लिएर वर्तमान संसद् सदस्यहरुसम्म, त्यसै गरी पूर्वप्रधानन्यायाधीशदेखि लिएर वर्तमान प्रधानन्यायाधीशसम्म, सँगसँगै कानुनका विद्यार्थीलगायत वकिलहरुसम्मले दिवसको पूर्वसन्ध्यादेखि दिवसको दिनसम्म आ-आफ्ना भावना साटफेर गर्ने काम भयो । यसपालि भने त्यो साटफेरमा संविधान संशोधनको मुद्दाले बढी प्रश्रय पायो । प्रत्येकका भावनाहरुलाई नियाल्दा उच्च प्रतिशतमा निचोड के देखिन्छ भने, संविधानका धाराहरुलाई सहीरुपमा कार्यान्वयन गर्न सकिएन । संविधानको धाराहरुको मूल मर्मलाई आत्मसात् गरी कार्यान्वयनको दिशामा अगाडि बढाउनुभन्दा पनि आफूलाई अनुकुल हुने किसिमले संवैधानिक धाराहरुको व्याख्या गर्दै संविधान प्रयोग हुन पुगेको र सोही अनुरुप संविधानको पयोग भैरहेको कुरामा प्रत्यक्ष/अप्रत्यक्षरुपमा प्राय: सबैको स्वीकारोक्ति नै देखा पर्दछ । संविधान संशोधनको मुद्दामा पनि त्यस कुराले प्रभाव पार्ने छाँट देखाइरहेको छ ।

संविधानमा व्यवस्था गरिएका धाराहरुमध्ये राज्य सञ्चालन गर्ने विभिन्न सञ्चालकहरुका कार्यविधिलगायत उनीहरुका पदावधि वा उनीहरुले पाउने सुविधाहरु ती सबै गौण विषय मानिनुपर्दछ । मूल विषय भनेको संविधानबाट राज्यका नागरिकहरु कसरी लाभान्वित हुन्छन् ? के कुरामा बढी ध्यान केन्द्रित गर्नुपर्ने हो ? भन्ने विषयलाई प्राथमिकतामा राखी शासन सञ्चालन गरिनुपर्दथ्यो । विडम्बना नै मान्नुपर्दछ, अझै पनि राज्य सञ्चालकहरुको आँखा यो विषयमा खुल्नै सकेको छैन ।

प्रत्येक वर्ष मनाइने राज्यका महत्वपूर्ण दिवसहरुमा संविधानको धारालाई दुरुपयोग गर्दै विभिन्न अपराधमा संलग्न भएर कैद सजाय भोगिरहेका व्यक्तिहरुलाई बाँकी सजाय माफी मिनाहा गरी जेलबाट छुटकारा दिने कामले अग्रसरता पाउन पुग्यो, जुन ज्यादै दु:खद विषय बन्न पुगेको छ । कुनै पनि दिवसको उपलक्ष्यमा तक्मा पाउनु वा सजाय भोगिरहेका व्यक्तिहरुले कैद मिनाहा पाउनु मात्र संविधानको मूल उद्देश्य हुँदै होइन । संविधानको मूल उद्देश्य भनेको मानवअधिकारहरुसँग सम्बन्धित सबै पक्षहरुलाई कार्यान्वयन तहमा चरितार्थ गर्नु अनि संविधानका प्रस्तावनासहितका प्रत्येक धाराहरु जीवन्त रहेको र कुनै पनि धारामा कुनै किसिमको खेलबाड नगरिएको/नभएको भन्ने कुराको सन्देश प्रवाह हुनु हो । तर देशको दुर्भाग्य नै मान्नुपर्दछ, यस किसिमको सन्देश प्रवाह गराउन सबै दलका राजनीतिक व्यवसायीहरु असफल हुन पुगे ।

देशमा संवैधानिक क्षेप्यास्त्रको पटक-पटक दुरुपयोग हुन पुगेको लामो फेहरिस्त बनिसकेको छ । यो क्रम अझसम्म पनि जारी नै छ । झन् वर्तमानमा आएर त एकातिर संविधान दिवसको उपलक्ष्यमा घरघरमा दीपावलीको अह्वान गर्ने सत्तासीन समूहहरु, अर्कोतिर संविधान दिवसको उपलक्ष्यमा घरघरमा एक मिनेट बत्ती निभाउने कुराहरु विपक्षी खेमामा रहेका प्रतिपक्षी दल तथा अन्य साना दलहरुबाट जनजनमा आह्वान हुनुले देशमा संविधानको र प्रदेशको विषयलाई लिएर द्वन्द्व सिर्जना हुने लक्षणले प्रश्रय पाइरहेको छ । कतिले गरे होलान् त घरघरमा दीपावली ? अथवा कतिले निभाए होलान् विरोधको नाउँमा बत्ती ? वास्तवमा जस्तोसुकै संविधान ल्याए तापनि संविधान आफैंमा खराब हुँदै हुँदैन । संविधानलाई प्रयोग गर्ने प्रयोगकर्ताहरुको कारणले संविधान असल र खराब देखिने हो । एकातिर खान पाइन र देश फर्कन पाइन सरकार भनेर कराइरहेका जनजनहरु, अर्कोतिर द्वन्द्वबाट विस्थापित भएका पीडितहरु, सम्साँझै जहाँ-कहीं बलात्कारमा परेका पीडितहरु, संसार नै देख्न नपाई हत्या गरिएका बेवारिसे शिशुहरुका बारेमा बोलेर नथाक्ने वर्तमान सरकारका प्रतिनिधिहरुलाई संविधानको प्रस्तावनादेखि लिएर धारा १६ देखि ३२ सम्मले कति गिज्याइरहेको होला ? कति कुरीकुरी भनिरहेको होला ? राजनीतिक व्यवशायीहरुलाई त्यसको न त कुनै चिन्ता छ, न त कुनै पर्वाह । संसद्मा प्रतिनिधित्व गरेका हरेकलाई संविधानमा मानवअधिकारका कुन-कुन धाराहरु समावेश छन् ? भनेर प्रश्न गर्ने हो भने कति सांसदले जनताका अगाडि उभिएर यो धारादेखि यो धारासम्म संविधानले मानवअधिकारका सवालहरुलाई सुनिश्चित गर्ने अभिभारा लिएको छ भनेर भन्न सक्छन् ? कतिले आजको दिनसम्म हामीले मानवअधिकारका यी-यी धाराहरुलाई सम्बोधन गर्न समर्थ भयौ, अब यी-यी धाराहरु बाँकी छन् भनेर भन्न सक्छन् ? कण्ठ गरेर होइन, संविधानको किताबै हेरेर भन्न दिने हो भने पनि धेरै सांसदहरुले मुख लुकाउनुपर्ने अवस्था छ । बेलाबेलामा लेखेको कुरा पनि भन्नलाई कन्नै पर्ने सांसदहरुका फुटेजहरुले यी कुराहरुलाई प्रमाणित गरिदिइसकेका छन् । वास्तवमा समावेशीको अर्थ आफ्नो मन पर्ने वा नातेदार वा आफन्त छान्ने होइन, समावेशीको नाउँमा सक्षम समावेशी छानिएर संसद्मा प्रतिनिधित्व हुनुपर्दथ्यो । संविधानका धाराहरुले प्रश्रय नपाउनु यस्तै-यस्तै कारणले गर्दा हो ।

नीति-नियमलाई धितो बन्धक राखेर वा आफ्नो अभिष्ट रुचि पूरा गर्न जस्तोसुकै कार्य गर्न छुट पाइरहेका राजनीतिक व्यवसायीहरुका लागि प्रत्येक वर्ष आउने विभिन्न दिवसहरुमध्ये संविधान दिवसलाई पनि आफ्नो स्वार्थ केन्द्रित दिवस मनाउने एक माध्यम बन्न पुगेकोमा जनजनहरुको मन अति नै कुँडिएको छ । संविधान दिवस पञ्चायतकालमा पनि मनाइन्थ्यो । त्यति बेला तीस वर्षदेखि राज्य सञ्चालन गरिरहेकाहरुविरुद्ध वर्तमानका नेताहरुले पञ्चायतकालीन संविधान दिवसलाई कालो दिवसको रुपमा मनाउने गर्थे । विडम्बना, आज संघीयता संविधान जारी भएको नौ वर्ष पुग्दा नपुग्दै संघीयता संविधान दिवसलाई कालो दिवसको रुपमा चित्रण गर्ने अवस्था सिर्जना हुँदा पनि सत्ताधारीहरु र संविधान समर्थक विपक्षीहरुलाई अलिकति पनि मनमा ठेस र क्लेशले छोएको अनुभूति गर्न सकिएको छैन । सत्तापक्षीय राजनीतिक व्यवसायीहरुचाहिँ कसरी लामो अवधिसम्म जनतालाई मूर्ख बनाई संवैधानिक दुहाइ दिँदै आफ्नो पुरानो भोटबैंक कायम राख्दै थप बैंकभोट बढाउनेप्रति आफ्ना विचार केन्द्रित गर्ने र प्रतिपक्षीहरु प्नि सकेसम्म आफ्नो भोटबैंक कायम राख्ने सवालमा सत्तापक्षीय राजनीतिक व्यवसायीहरुले जे-जे गरे पनि विरोधको नाउँमा बिरोधदेखि बाहेक थप संविधानमा उल्लिखित मानवअधिकारको लागि आफ्नो धर्म निभाएको अनुभूति कसैले पनि गर्ने गरेका छैनन् ।

जुन बेलादेखि जनताको मतबाट आफूलाई शासक ठान्ने राजनीतिक व्यवसायीहरु द्रव्यमोहमा स्खलित हुन पुगे, त्यति बेलादेखि देश ओरालो गतिमा लाग्न थालेको हो । जानी नजानी भएका अर्थात् विगतमा आफ्ना स्वार्थवश नै भए पनि भए/गरिएका विकासको संरक्षण त परै जाओस्, त्यति बेला व्यवस्थित गरिएका आधार स्तम्भसमेत राजनीतिक व्यवसायीहरुका रुचिका लागि भत्काइएको प्रत्यक्ष उदाहरणलाई संविधान दिवसको उपलक्ष्यमा मनन गर्न सकेको भए अर्को वर्षको लागि केही आशा जाग्थ्यो कि भन्ने हुन्थ्यो । त्यत्तिसम्म पनि वर्तमान संविधान लागू भएको नौ वर्ष पुगेको अवस्थामा मनन गरिएको पाइएन । वास्तविकता बुझिसकेका जेलनेल, हण्डर खाएर खरोरुपमा उत्रेका राजनीतिक नेतृत्वहरुसमेत राजनीतिक व्यवसायीमा परिणत हुन पुगी यो वा त्यो नाउँमा द्रव्यमोहमा डुबुल्की लगाउने कार्यलाई निरन्तरता दिँदै आइरहेको तथ्यलाई नियाल्दा देशले परिवर्तनको काँचुली कहिलेसम्म फेरिसक्छ भनेर अनुमान गर्नु कल्पनाभन्दा बाहिरको विषय हुन पुगेको छ ।

जनमतको लागि यो विषय गम्भीर भएर देखा परिरहेको अवस्थामा संविधान दिवसले धेरै प्रतिशत जनजनलाई छिसिक्क छोएको पनि छैन । त्यो कुरा साँचो हो । वर्तमान संविधानलाई कालो दिवसको रुपमा मनाउने कार्यलाई पनि जनमतले रुचाएका छैनन् । हो, यही संविधान संशोधनमार्फत प्रदेश खारेजी र निर्वाचनमा उम्मेदवारी दिनेहरु न्यूनतम योग्यता विजयी बनेपछि निभाउनुपर्ने भूमिका र तोकिएको भूमिका ननिभाएको अवस्थामा फिर्ता बोलाउन पाउने कुराको संशोधनमार्फत यो संविधानलाई निरन्तरता दिनु उपयुक्त हुने कुरामा धेरै जनमत रहेको छ । देशको वर्तमान अवस्थालाई नियाल्दै प्राय: पचास उमेर नाघेका जनमत आफ्नो जीवनकालमा देश परिवर्तनको संघारमा आइपुग्छ भन्ने कुरामा विश्वस्त देखिँदैनन् । त्यसको मूल कारण भनेको जनताको मतबाट निर्वाचित भएका हौं भन्दै राजनीतिक व्यवसायीहरुले अपनाउँदै आएको थरी-थरीका नीतिगतदेखि लिएर कार्यगतसम्मै घोषित/अघोषित संवैधानिक भावना विपरीत हुन गएको कार्य नै हो ।

गहकिलो संवादमार्फत ठोस निर्णयमा पुग्न अल्छी गर्ने हाम्रा राजनीतिक व्यवसायीहरु संवैधानिक बुँदाको प्रयोगमार्फत श्रीमती, छोरी, श्रीमान्लगायत आ-आफ्ना नजिकका व्यक्तिहरुका नामहरु कोटको खल्तीबाट झिक्दै यो वा त्यो नामको कोटाबाट संसद्मा प्रतिनिधित्व गराउन किञ्चित लज्जा महसुस गर्दैनन् । हाल देखा पर्दै गइरहेको संसदीय व्यवहार र विकासक्रमलाई हेर्दा अब संसद्मा प्रतिपक्षी दलको आवश्यकता नरहेको पुष्टि हुँदै गएको छ । सत्ताधारी राजनीतिक व्यवसायीहरु र प्रतिपक्षी राजनीतिक व्यवसायीहरु आम्दानी गर्ने कुरामा र पदीय भागवण्डाका कुरामा सदैव सहमति हुने भएपछि प्रतिपक्षको शब्द संविधान र कानूनमा झुन्ड्याइराख्नुको कुनै औचित्य छैन भन्छन् जानकारहरु ।

*(साभार: न्यूज अफ नेपाल)*

# दशैंमा सुनचाँदी बजारले किन तान्न सकिरहेको छैन ग्राहक ?

काठमाडौं/दशैं नजिकिँदै गर्दा काठमाडौंका मुख्य बजार न्युरोड, असन, इन्द्रचोकमा सर्वसाधारणको भीड बढ्दो छ । शनिबार तथा सार्वजनिक बिदाका दिन पनि सबै किसिमका पसल खुला थालेका छन् ।

इलेक्ट्रोनिक्स तथा घरायसी उपकरण, लत्ताकपडा किन्नेको भीडभाड देखिन्छ । सुनचाँदीका गरगहना पसलमा पनि अरू बेलाभन्दा राम्रै भीड देखिन्छ । तर, पोहोर दशैंको तुलनामा कारोबार घटेको व्यवसायी बताउँछन् ।

'मूल्य असाध्यै बढ्यो, त्यसले गर्दा अहिले सुनका गरगहना किन्ने ग्राहक धेरै कम भए,' नेपाल सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष मणिरत्न शाक्य भन्छन् ।

यतिबेला कतिपय ग्राहक पुरानो गरगहना नै तोडमरोड गरेर नयाँ डिजाइन बनाउन आउने गरेको त कतिपयले भएको गहना पनि बेच्न आउने उनले बताए ।

'अहिले किन्नेहरू नै कम छन्, १ तोलाभन्दा माथिको गरगहना बनाउने त भनौं कम छन्,' उनले भने । पोहोर दशैंका बेला १ लाख १० हजार हाराहारी रहेको सुन एक वर्षमै ४३ प्रतिशतले महँगिएको हो ।

'एउटा गहना बेच्न आउँदा अरू दुई/तीन जना सँगै आउने भएकाले पसलमा भीड बढेको जस्तो देखिन्छ, तर वास्तवमा हामीले गर्ने कारोबार पहिलेका दशैंभन्दा घटेको छ,' शाक्यले भने ।

पहिले-पहिले दुई तोलाका तिलहरी धेरै बिक्री हुने गरेकोमा अहिले आधा तोलाका तिलहरी मात्र बिक्री हुने गरेको उनी सुनाउँछन् ।



दशैंमा मात्र होइन, तिजमा पनि सुनको धेरै कारोबार हुन नसकेको व्यापारी बताउँछन् । 'तिजको सिजनमा पनि दैनिक औसत १० किलोभन्दा धेरै सुन कारोबार भएन,' महासंघका प्रथम उपाध्यक्ष धर्मसुन्दर बज्राचार्य भन्छन् ।

एक वर्ष अघिसम्म दैनिक १० किलोका दरले सुनको माग धान्न नसकेको भन्दै व्यवसायीले कोटा बढाउन राष्ट्र बैंकलाई दबाब दिएका थिए । गत वर्ष असोजदेखि राष्ट्र बैंकले पनि कोटा बढाएर दैनिक २० किलो सीमा निर्धारण गरेथ्यो ।

व्यवसायीले भारतबाट अवैध कारोबार बढेको शंका गरेका छन् । नेपालभन्दा भारतमा सुन सस्तो भएकाले पनि नेपाली बजारमा सुन कारोबार घटेको महासंघका पदाधिकारी बताउँछन् ।

नेपालभन्दा भारतमा सुन तोलाकै करिब २० हजार सस्तो पर्ने गरेको बज्राचार्यले बताए । 'भारतले बजेटमार्फत सुनको भन्सार दर घटायो, नेपालले बढायो, यही कारण अहिले नेपालभन्दा भारतमा सुन सस्तो पर्ने गरेको छ,' उनले भने ।

यसै वर्ष भारतले सुनको भन्सार दर १५ बाट ६ प्रतिशतमा झाऱ्यो भने नेपालले १५ बाट २० प्रतिशत पुऱ्यायो । यही कारण सुनको मूल्यान्तर धेरै हुन गएको हो । खुला सीमा रहेकाले नेपालतिर भारतबाट सुन आइरहेको व्यापारी बताउँछन् ।

'अहिले कतिपयले त यहाँ डिजाइन तयार गरेर भारतमा पठाउने र त्यतैबाट गरगहना नै ल्याउने गरेका छन्,' एक व्यापारीले भने, 'त्यता कालिगढ पनि सस्तो, सुन पनि सस्तो भएकाले यो अवस्था आएको हो । त्यतिमात्र होइन, भारतबाट काठमाडौंमै सुन ल्याइदिने भरिया समेत सक्रिय रहेको सुनेका छौं ।'

सीमा क्षेत्रका सुनचाँदी पसल बन्द हुने अवस्थामा पुगेको उनले बताए । 'एउटा साडी ५/७ सय रुपैयाँ फरक पर्दा त सीमापारि नै सपिङ गर्न जाने चलन बसिसकेको छ भने सुनमा त तोलामै करिब २० हजार मूल्यअन्तर देखिन्छ,' उनले भने ।

अवैध सुन कारोबार फस्टाउँदा राज्यले पाउने राजस्व पनि गुमाउँदै जान्छ । जब वैधानिक रूपमा सुन आयात घट्न जान्छ, मुलुकले ठूलो मात्रामा राजस्व गुमाउँछ । राजस्व बढाउने लक्ष्यसाथ सरकारले बजेट मार्फत भन्सार दर बढाएको थियो, त्यसको नतिजा भने प्रत्युत्पादक हुने जोखिम रहेको व्यवसायीको भनाइ छ ।

सरकारले तत्कालै भन्सार दर पुनरावलोकन नगरे यसले नेपालको सुनचाँदी बजारमा ठूलो समस्या ल्याउने व्यवसायी बताउँछन् ।

'नाफा धेरै भएपछि कतिपय व्यवसायीले तस्करीको सुन कारोबार गरेका छन्, सीमा क्षेत्रका स्थानीय नाफा देखेर सुन तस्करीतिर लाग्न सक्छन्,' उनले भने, 'त्यसकारण भारत र नेपालको खुद्रा बजार मूल्य करिब उस्तै हुने गरी भन्सार दर कायम गर्नुपर्छ ।'

साउनपछि बैंकहरूसँग भएको सुन पनि बिक्री नभएको अवस्था रहेको नेपाल बैंकर्स संघका प्रमुख कार्यकारी अधिकृत अनिल शर्माले जानकारी दिए । 'दशैंका कारण अहिले केही मात्रामा बिक्री भएको छ, तर पहिलेजस्तो डिमान्ड देखिँदैन,' उनले भने ।

**किन बढिरहेको छ भाउ ?**

सुनको भाउ बढ्नुमा अन्तर्राष्ट्रिय कारण छन् । युक्रेन माथि रुसको हमला र त्यसपछिको अन्तर्राष्ट्रिय द्वन्द्व, इरान र इजरायल द्वन्द्व, अमेरिका सहित विश्वका धेरै देशको अर्थतन्त्र शिथिल हुनु लगायत कारण सुनको भाउ बढ्दै गयो ।

'अन्तर्राष्ट्रिय स्तरमा द्वन्द्व बढ्दा सुनको मूल्य बढ्दै गयो, ती द्वन्द्व अहिले पनि कायमै छन्,' महासंघ पूर्वअध्यक्ष शाक्यले भने, 'त्यसमा पनि विश्वका केन्द्रीय बैंकहरूले सुन भण्डारण बढाए, अहिले अमेरिकाले ब्याजदर घटाउँदा फेरि लगानी पनि सुनतिरै मोडियो ।'

अमेरिकी केन्द्रीय बैंकले हालै ब्याजदर ०.५० प्रतिशत बिन्दुले घटायो । ब्याजदर घटाउँदा नै बैंक अध्यक्ष जेरोम एच पावेलले मूल्यवृद्धिमा थप चाप नदेखिए ब्याजदर अरू थप घट्ने आशय जनाए । यही कारण डिसेम्बरमा फेरि ब्याजदर घट्ने चर्चा चलेको छ । ब्याजदर घट्दा सुनसँगै, स्टक मार्केट समेत बढ्न जान्छ ।

(स्रोत: अनलाइनखबर)

# 'एक्टर' पोस्टर : आना र दिव्यासँग प्रदीपको प्रेमभाव

काठमाडौं/आगामी कात्तिक १५ गते लक्ष्मीपूजाबाट प्रदर्शनमा आउन लागेको फिल्म 'एक्टर'मा अभिनेता प्रदीप खड्काको जोडी अभिनेत्री द्वय आना शर्मा र दिव्या रायमाझीसँग बाँधिएको छ । उनीहरूका एकल पोस्टरहरू गत महिना श्रृंखलाबद्ध रुपमा सार्वजनिक गरिएको थियो । आइतबार थप तीनटा पोस्टर सार्वजनिक गरिएको छ, जसमा आना र दिव्याप्रति प्रदीपको प्रेमभाव दर्शाउन खोजिएको छ ।




सार्वजनिक तीन पोस्टर मध्ये एउटामा आना र दिव्याले प्रदीपको कान निमोठेका छन् । र, प्रदीप दुखेको भावमा चित्रित छन् । अन्य दुई पोस्टरमा भने आना र दिव्यासँग प्रदीपलाई प्रेमभावमा प्रस्तुत गरिएको छ । यी पोस्टरहरूले त्रिकोणात्मक प्रेमकथामा आधारित भएर फिल्म बनेको प्रष्ट्याउँछ । अभिनेता दीलिप रायमाझीकी छोरी दिव्याले यही फिल्मबाट अभिनेत्रीको रुपमा डेब्यु गरेकी हुन् ।

राजन भुसालले निर्देशन रहेको फिल्ममा राजबल्लभ कोइराला, दिव्य देव, उषा रजक, सुशील सिटौला लगायतको पनि अभिनय छ । यही फिल्मबाट राजबल्लभले करिब १० वर्षपछि कमब्याक गरेका हुन् । अद्वुत फिल्म्स् तथा मोती फिल्म्सको संयुक्त प्रस्तुतिमा बनेको फिल्मको निर्माता श्याम कुमार भण्डारी हुन् । त्यसै, अनिश भुसाल सह-निर्माता र मोती कार्की क्रियटिभ प्रोड्युसरमा छन् ।

आकाश बराल र निर्देशक भुसालको लेखनमा तयार भएको फिल्ममा नरेन्द्र मैनालीको छायांकन, निमेश श्रेष्ठको सम्पादन, हर्कुलस बस्नेत, रोहित शाक्य, र एलिस कार्कीको संगीत, शिशिर खाती र किरण थापाको कोरियोग्राफी, अष्ट महर्जनको द्वन्द्व निर्देशन तथा राजेन्द्र मोक्तानको रंग संयोजन छ । बलियो 'स्टारकास्ट' भएकाले फिल्मले हिहारमा राम्रो व्यापार गर्न सक्ने आँकलन गरिएको छ ।

# 'आँखा' ट्रेलरमा सुकुम्बासीको दुःख र संघर्ष

काठमाडौं/यही असोज ११ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'आँखा'को ट्रेलर सार्वजनिक गरिएको छ । प्रदर्शनका लागि ५ दिन बाँकी रहँदा सार्वजनिक गरिएको साढे २ मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी दिन्छ । सुकुम्बासी बस्तीमा बस्दै आएको एक दम्पतीले जीवन चलाउन गरेको संघर्ष र दुःखलाई प्रस्तुत गरिएको ट्रेलरले फिल्मको दृश्यभाषा प्रभावशाली रहेको संकेत गर्छ ।



ट्रेलरमा दुई मुख्य कलाकार स्मिता लामिछाने र आरके मेहता केन्द्रमा छन् । उनीहरु दम्पतीको भूमिकामा छन् । ट्रेलरमा स्मिताको अभिनय मर्मस्पर्शी छ । ट्रेलर रिलिजपछि फेसबुकमा केही फिल्मकर्मीहरूले फिल्म हेर्न अधैर्य भएको उल्लेख गरेका छन् । 'राधा' फेम्ड निर्देशक सुवर्ण थापाले 'आँखा'लाई ओस्कार अवार्ड जितेको फिल्म 'प्यारासाइट' बन्न सकोस् भनेर शुभकामना दिएका छन् ।

जौन योन्जनको लेखन तथा निर्देशनमा बनेको फिल्ममा स्मिता र आरकेसहित निशा अधिकारी, सरोज खनाल, पशुपति राई, प्रवीण खतिवडा, विजय बराल, बुद्धि तामाङ, कृष्णभक्त महर्जन, राजन खतिवडा, लुनिभा तुलाधर, रविन्द्र झा, अभयराज बराल र बाल कलाकार प्रसन राई पनि मुख्य भूमिकामा छन् । अलोक शुक्लाको छायांकन रहेको फिल्मको निर्माता निर्देशक योन्जन आफैं हुन् ।

ढाका टोपी फिल्मस्, कार्यक्रम नेपाल, साइलेन्ट एक्ट र ट्राइडेन्ट कन्सेप्टको सहकार्यमा तयार भएको फिल्ममा नारायणप्रसाद बराल कार्यकारी निर्माता, रेनुका कार्की ढोली सह-निर्माता तथा राम बस्नेत लाइन प्रोड्युसरमा छन् । कृष्ण भण्डारी र निर्देशक योन्जनको सम्पादन रहेको फिल्मको गीतमा दीपक आरजे र जयन जे वाइवाको संगीत छ । यो फिल्मलाई आरआर फिल्म्सले वितरण गर्नेछ ।

# चाडबाडको मुखमा अकासिंदो खाद्यान्न भाउ

काठमाडौं/चाडबाडको मुखमा व्यापारीले 'दाउ हेरेर' भाउ बढाउन थालेका छन् । जसको प्रत्यक्ष मारमा उपभोक्ता परिरहेका छन् । पछिल्लो एक महिनामा खानेतेलदेखि चामलसम्मको भाउ उच्च दरमा बढेको छ । नेपाल खुद्रा व्यापार संघ अध्यक्ष पवित्र बज्राचार्यका अनुसार चिनीदेखि तेलसम्मको भाउ बढेको छ । यसले चाडबाडको मुखमा उपभोक्तालाई असर गर्ने उनले बताए ।

संघले हरेक १५/१५ दिनमा खाद्यान्न भाउ अद्यावधिक गर्दै आएको छ । जसअनुसार अहिले काँचो तोरी तेल लिटरको २४० रुपैयाँसम्म पुगेको छ । यसअघि ११५ सम्म झरेको थियो । त्यस्तै भटमासको तेल १२५ बाट बढेर लिटरको २२० रुपैयाँसम्म पुगेको खुद्रा व्यापार संघको मूल्य विवरणमा छ ।

सनफ्लावर तेल १२५ बाट बढेर लिटरको २४० रुपैयाँ पुगेको छ । डाल्डा घिउ र नेपाली घिउको मूल्य समेत भारी दरमा बढेको छ । चाडबाडको मुखमा थोक (होलसेल) व्यापारीले मूल्य बढाउँदा बजारमा हरेकजसो खाद्यवस्तुको मूल्य बढ्ने क्रममा रहेको अध्यक्ष बज्राचार्य बताउँछन् ।

पतेलमात्र होइन, दालको मूल्यमा समेत पछिल्लो एक महिनामा भारी फरक देखिएको छ । १ सय ४० रुपैयाँसम्म झरेको राजमा किलोको २ सयसम्म पुगेको छ । ९० रुपैयाँमा आएको बोडी १ सय ६० सम्म पुग्याएको छ ।

त्यस्तै सेतो केराउ ६० बाट १०० रुपैयाँ प्रतिकिलो पुगेको छ । मुसुरोको दाल किलोको १०० बाट बढेर १५० सम्म पुगेको छ । दालका हरेकजसो वस्तुको भाउ बढेको संघले जनाएको छ । भारतले अघिल्लो साता वनस्पति तेलको भन्सार बढाएको थियो । भारतले कच्चा र प्रशोधित खाद्य तेलमा आधारभूत भन्सार कर २० प्रतिशत बिन्दुले बढाएको थियो । भारतले भन्सार मूल्य बढाए पनि नेपालबाट भारत निर्यात हुने तेलले भने सहज प्रवेश पाउँछ ।

नेपालभन्दा भारतमा राम्रो मूल्य पाउने लोभले ठूला व्यापारीले तेल बजार पठाउन कम गरिरहेको एक अधिकारकर्मी बताउँछन् । 'चाडबाडकै मुखमा भारतले भन्सार बढायो,' उनले भने, 'यसको फाइदा उठाउने धुनमा व्यापारी छन् ।'

संघले बजारका विभिन्न स्थानबाट मूल्य विवरण लिएर त्यसको औसत निकाल्ने गर्छ । सोहीकारण स्थान विशेष यो मूल्यमा केही फरक पर्ने उनी बताउँछन् ।

उता, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अहिले बजार अनुगमन बढाएको जनाएको छ । तर, मूल्यमा हस्तक्षेप गर्न सकेको छैन । विभागका महानिर्देशक राजन पौडेलका अनुसार विभागले आइतबार तेल उत्पादक तथा आयात गर्ने व्यापारी र फर्मलाई पत्र काटेर स्टल र मूल्य विवरण मागेको छ ।

'अन्य खाद्यान्नभन्दा बढी तेलमा गुनासो आएको छ,' उनले भने, 'हामीले बढेको मूल्य कति वैज्ञानिक हो भनेर प्रमाणित गर्न आजै पत्र काटिसकेका छौं ।' उनका अनुसार विभागले व्यवसायीसँग अहिले नेपालमा रहेको खाने तेल मौज्दात र त्यसको खरिद मूल्य कति हो भनेर मागेको छ । यसले बढाइएको मूल्य कानुन सम्मत भए/नभएको खुल्ने छ ।

बजारमा बढी मूल्य पठाएको भए कारबाही हुने उनले बताए । 'भारतले भन्सार बढाएपछि बढी मूल्यमा बेच्न पाइने लोभले स्वदेशी बजारमा बढाएको शंका हामीलाई पनि छ,' उनले भने, त्यसैले विवरण हेरेर हामी निर्णयमा पुग्छौं ।'

चिनीका सन्दर्भमा सरकारले कोटा तोकेर ल्याएको चिनीको बिक्री मूल्यको माथिल्लो तह १ सय ७ प्रतिकिलो तोकिएको छ । यो चिनी बजार आइसकेका कारण चिनीको मूल्यमा हस्तक्षेप हुने उनी बताउँछन् । दालका सन्दर्भमा धेरै गुनासो नआए पनि केराउ आयातमा लगाइएको प्रतिबन्धको असरले स्वदेशी दाल केही महँगो पर्न गएको हुन सक्ने उनको भनाइ छ ।

'चाडबाडकै मुखमा आएर बढाइएको प्रमाणित भयो भने हामी कडा कारबाही गर्छौं' उनी भन्छन्, 'बजारमा अत्यावश्यक उपभोग्य वस्तु अभाव भने छैन ।'

(स्रोत: अनलाइनखबर)

# एनपीएलमा खेलाडीले आफ्नो ग्रेड आफैं रोज्न पाउने




काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) को अक्सनका लागि खेलाडीले आफ्नो नाम जुनसुकै ग्रेडमा पनि दर्ता गराउन पाउने भएका छन् । नेपाल क्रिकेट संघ (क्यान) ले असोज १२ सम्मको समय खेलाडी दर्ताका लागि खुला गरेको छ ।

खेलाडीले आफ्नो नाम ए, बी र सी ग्रेडमा दर्ता गराउन पाउनेछन् । सी ग्रेडका खेलाडीको न्यूनतम मूल्य २ लाख, बी को ५ लाख र ए को १५ लाख रुपैयाँ तोकिएको छ । सी ग्रेडका खेलाडीले उच्चतम ५ लाख, बी ग्रेडकाले १० लाख लिन पाउनेछन् । उच्चतम मूल्यमा पुगेपछि चिट्ठाबाट खेलाडी छनोट हुनेछन् ।

नेपाल क्रिकेट संघ (क्यान) का प्रवक्ता छुम्बी लामाले खेलाडीले आफ्नो विवेक अनुसार कुनैपनि ग्रेडमा नाम समावेश गर्न सक्ने बताए । 'खेलाडीले आफ्नो विवेक अनुसार ग्रेडमा नाम दर्ता गराउन सक्छन् । हामीले नेपालबाट यति खेलको भन्ने राखेको छैनौं । हामीले ग्रेड निर्धारण गर्दा खेलाडी मर्कामा पर्नसक्छन् । नेपालबाट नखेले पनि घरेलुमा राम्रो गरेका ए र बी मा बिक्न सक्छन् । त्यसैले कुनै मापदण्ड राखिएको छैन', उनले संचारकर्मीसँग भने ।

सबै नाम आएपछि खेलाडीको सर्ट लिष्ट गरेर अक्सनमा जाने उनी बताउँछन् । क्यानले अक्सन दशैंअघि गर्ने जनाएपनि मिति भने तय गरेको छैन ।अघिल्लो हप्ता लक्की ड्र मार्फत मार्की खेलाडी छनोट गरिएको थियो ।

काठमाडौंमा करण केसी, पोखरा एभेन्जर्समा कुशल भुर्तेल, चितवनमा कुशल मल्ल, लुम्बिनीमा रोहित पौडेल, विराटनगरमा सन्दीप लामिछाने, जनकपुरमा आसिफ शेख, कर्णालीमा सोमपाल कामी र सुदूर पश्चिममा दीपेन्द्रसिंह ऐरी मार्की खेलाडी छनोट भएका थिए ।

एनपीएल नोभेम्बर ३० देखि डिसेम्बर २१ सम्म त्रिवि क्रिकेट मैदानमा हुनेछ ।

# कस्तो रहयो 'खुस्मा'को तीन दिन ?

काठमाडौं/प्रदर्शनअघि 'रुकुम मैकोट' गीतका कारण फिल्म 'खुस्मा' चर्चामा थियो । टिकटक, इन्स्टाग्राममा रिल्स, युट्युब शर्ट्स् जताततै गीत चम्किँदा फिल्मको इनिसियल व्यापारमा फाइदा पुग्न सक्ने आँकलन गरिएको थियो । त्यसमाथि प्रदर्शनको पहिलो दिन (बिहीबार) नै संविधान दिवसको सार्वजनिक बिदा थियो । अन्ततः बिदा र गीतको चुलिँदो चर्चाले फिल्मलाई सन्तोषजनक 'ओपनिङ' दिलायो ।

पहिलो दिन 'खुस्मा'ले काठमाडौं, पोखरा, नेपालगञ्ज, बुटवल, धरान, इटहरी, चितवन जस्ता सहरहरूमा प्राप्त शोजमा ५० प्रतिशत अकुपेन्सी नघाएको थियो । फिल्म हेर्न पुग्ने प्रायः दर्शकलाई 'रुकुम मैकोट' गीतले नै आकर्षित गरेको थियो । दोस्रो दिन (शुक्रबार) भने व्यापार अपेक्षाकृत हुन सकेन । तथापि, साँझपख काठमाडौं, धरान, पोखरासहितका केही हलहरूमा सुखद् अकुपेन्सी थियो ।

शनिबारको बिदामा भने फिल्मप्रति दर्शकको आकर्षण राम्रो देखियो । काठमाडौंसहित मोफसलका ठूला स्क्रेनहरूमा दिउँसो धेरै शोज हाउसफुल भए भने कतिमा ६० प्रतिशतसम्म अकुपेन्सी रहयो । साँझका शोजमा पनि दर्शकहरूको चाप राम्रो थियो । समग्रमा फिल्मको तीन दिनको प्रदर्शनलाई सुखद् मान्न सकिन्छ । अब आइतबारबाट हुने व्यापारले फिल्मको भविष्य निर्धारण गर्नेछ ।

फिल्म प्रदर्शनपछि अभिनेता धीरज मगर, अभिनेत्री उपासना सिंह ठकुरी, निर्देशक तथा लेखक अशोक थापा मगरसहितको टिमले काठमाडौंका विभिन्न हलमा पुगेर दर्शकहरूसँग भेट गरिरहेको छ । शनिबार सिभिल सिटी स्वायर लगायतका हलमा पुग्दा धीरज र उपासनासँग तस्वीर खिच्न दर्शकहरू भुम्मिएका थिए । र, हलभित्रै उनीहरूले 'रुकुम मैकोट' गीतमा नृत्य गर्दै रमाइलो पनि गरे ।

'खुस्मा'को व्यापारिक रिपोर्ट भने निर्माताले सार्वजनिक गरिसकेका छैनन् । आइतबार साँझसम्म तीन दिनको रिपोर्ट सार्वजनिक गर्ने तयारी भइरहेको जनाइएको छ ।

# पक्राउ गरिए प्रतिवाद गर्ने रवि लामिछानेको चेतावनी

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफूलाई पक्राउ गर्ने निर्णय भए प्रतिवादमा उत्रने बताएका छन् ।

आइतबार राति केन्द्रीय कार्यालयमा उपस्थित कार्यकर्तालाई सम्बोधन गर्दै लामिछानेले आफूलाई जेल पठाउने निर्णयको प्रतिवाद गर्ने घोषणा गरेका हुन् । 'ध्यान बचत फिर्ता गराउनेमा छैन, यिनको ध्यान रवि लामिछानेलाई जेल पठाउनेमा छ, रास्वपालाई सिध्याउनेमा छ । जुन हामी हुन दिँदैनौं । कुनै हालतमा हुन दिँदैनौं', उनले भने ।

आफूलाई पक्राउ गर्न सक्ने संकेत दिँदै सभापति लामिछानेले कार्यकर्तालाई अलर्ट रहन निर्देशन दिए । 'मलाई भरोसा छैन, यो सरकार जे पनि गर्न सक्छ । यो सरकार दुई तिहाइको छ', उनले भने, 'तयार भएर रहनु होला, अलर्टमा रहनु होला ।' सरकारले षडयन्त्रपूर्वक तरिकाले पक्राउ गर्न सक्ने भएकाले हरेक हिसाबले लड्न तयार भएको पनि उनले बताए । 'कानुनी रुपमा, नैतिक रुपमा र राजनीतिक रुपमा सत्यका लागि लड्न तयार भएर बसेको छु', लामिछानेले भने ।

सरकारविरुद्ध लडेर जित्ने पनि उनले बताए । भने, 'म अभिमन्यु होइन, यो चक्रव्यूहबाट निस्कन आउँछ ।' त्यसका निम्ति चीनमा गएको आफ्ना नेताहरु स्वदेश फर्कने तयारी गरेको जानकारी समेत उनले दिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# वनकरिया समुदायका सबै बालबालिका विद्यालयमा

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ विगतमा विद्यालय जान नमान्ने र अभिभावकले पनि पढाउन नचाहने अतिसीमान्तकृत वनकरिया समुदायका सबै बालबालिका अहिले विद्यालय जान थालेका छन् ।



समय परिवर्तनसँगै मकवानपुरको पश्चिमीक्षेत्र मनहरी गाउँपालिका-४, मुसेधापस्थित वनकरिया समुदायका सबै बालबालिका विद्यालय पढ्न गइरहेका हुन् । दुई दशकअघिसम्म बाबुआमाले जंगलमा फिरन्ते जीवन बिताएका वनकरिया समुदायका बालबालिका आफ्नो भविष्यका लागि संघर्षरत् छन् । २०६२ सालदेखि वनकरिया समुदायका बासिन्दा मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापमा बस्दै आएका छन् ।

जंगल नजिकैको यस बस्तीमा बस्न थालेपछि उनीहरु क्रमश: छोराछोरीलाई स्कुल पढाउन थालेका हुन् । वनकरिया बस्तीबाट अहिले शिशु कक्षादेखि ८ कक्षासम्म ४१ जना वनकरिया समुदायका बालबालिका स्कुलमा पढ्न जाने गरेको यस समुदायकी अगुवा सन्तोषी वनकरिया बताउँछिन् । 'पढ्ने उमेर का सबै बालबालिका अहिले स्कुल जाने गरेका छन् ।' उनै सन्तोषीले वर्षौंदेखि गाउँका बालबालिकालाई एउटा छाप्रोमा पढाउँदै आएकी थिइन् ।

उनी वनकरिया समुदायबाट प्राविधिक शिक्षा जेटीए (कृषि प्राविधिक) उत्तीर्ण गर्ने पहिलो र १२ कक्षा पास गर्ने दोस्रो हुन् । सन्तोषीले गाउँमै बसेर वनकरिया समुदायका बालबालिकालाई बिहान र बेलुका एकै ठाउँमा राखेर पढाउने गरेकी छन् । यहाँका बालबालिका गाउँको छेउमै रहेको चेपाङ प्राविमा शिशुकक्षामा पढ्न जान्छन् भने १ कक्षादेखि माथिका बालबालिका पशुपतिनाथ मावि मसिनेमा अध्ययन गर्न पुग्छन् । वनकरिया बालबालिका नियमित विद्यालय आउने गरेको पशुपतिनाथ माविका प्रधानाध्यापक भानुभक्त आचार्यले जानकारी दिएका छन् ।

लोपोन्मुख वनकरिया समुदायबाट अहिलेसम्म ६ जनाले एसईई उत्तीर्ण गरेका छन् । एसईई गर्नेमध्येमा ५ जना छात्रा छन् भने एकजना छात्र छन् । यो समुदायमा सबैभन्दा पहिला एसईई गर्ने पम्फा वनकरिया हुन् । उनले पञ्चकन्या ग्रुपको सहयोगमा ल्याब टेक्निसियन विषय अध्ययन पूरा गरेर मनहरी र जैयास्थित क्लिनिकको ल्यावमा काम गर्छिन् । दोस्रोमा एसईई उत्तीर्ण गर्ने सन्तोषीले रोटरी क्लब अफ मकवानपुरको सहयोगमा जेटीए अध्ययन पूरा गरिन् ।

वनकरिया बस्तीमा २२ घरधुरी रहेका छन् । ५० जना महिलासहित यो समुदायको जनसंख्या ९३ रहेको छ । यो समुदायको मुलुकको अन्यभागमा बसोवास छैन । समुदायमा पुरुषभन्दा महिला सक्रिय र सक्षम छन् । जिल्ला वन कार्यालय हेटौंडाले उनीहरुलाई २०६२ चैत २८ गते कबुलियती वनको ९ हेक्टर जमिन उपलब्ध गराएको थियो । त्यही जमिन खनीखोस्रो गरेर उनीहरुले खाद्यबालीदेखि तरकारी बालीसमेत लगाउने गरेका छन् ।

# नवयुवा सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ हेटौंडा उपमहानगरपालिका-११ नवलपुरमा रहेको नवयुवा बचत तथा ऋण सहकारी संस्थाको १६ औं वार्षिक साधारणसभा शनिबार भएको छ ।

संस्थाका अध्यक्ष फूलमान श्रेष्ठको सभाध्यक्षतामा तथा प्रदेश सहकारी विकास वोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्या रहेको थियो । कार्यक्रममा देवकोटाले सहकारी क्षेत्रमा पछिल्लो समय देखापरेका समस्यालाई हलगर्दै अगि बढ्नुपर्ने बताए । यस्तै उनले सहकारी क्षेत्रमा देखिएको समस्या र चुनौती समाधानको निम्ति सबैले आआफ्नो ठाँउबाट दायित्व पूरा गर्नुपर्ने बताए ।

सहकारीका अध्यक्ष श्रेष्ठले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको आर्थिक वर्ष २०८०/८१ को मुनाफा ५७ लाख ८३ हजार ७ सय ६५ रुपैयाँ रहेको बताए । संस्थाको शेयर पुँजी २ करोड ८४ लाख ४८ हजार रुपैयाँ रहेको छ भने सहकारीको कूल बचत निक्षेप रकम २३ करोड ७१ लाख ६१ हजार ९८० रुपैयाँ रहेको व्यवस्थापक नन्दलाल श्रेष्ठ राजेशले बताए । उनले सहकारीले १९ करोड ७५ लाख ५६ हजार ६२४ रुपैयाँ कर्जा लगानी गरेको बताए ।

संस्थामा २ हजार १ सय जना सदस्य आवद्ध छन् । कार्यक्रममा सहकारीको असलऋणी, नियमित बचत, उत्कृष्ट बालबचत, एकल महिला, जेष्ठनागरिक बचत, पेन्सनबचत, नवयुवा विशेषबचत, मोवाइल बैंकिङ, साधारणबचत, बम्पर पुरस्कार लगायत विविध विधामा उत्कृष्ट रहेकालाई पुरस्कृत गरिएको थियो । यस्तै शिक्षाक्षेत्रतर्फ माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा ल्याउने श्रेयस बस्नेत, गृष्मा पुडासैनी र प्रनिज्ञा विडारीलाई पुरस्कृत गरिएको थियो भने संस्थाका निवर्तमान अध्यक्ष हिमप्रसाद पौडेललाई सम्मान गरिएको थियो ।

कार्यक्रममा हेटौंडा-११ का वडाध्यक्ष जुना दाहाल, वडासदस्य सञ्जय विडारी, संस्थाका संस्थापक अध्यक्ष गोकर्ण पराजुली, उद्योग, पर्यटन तथा सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष मीनाकुमारी चौरेल, नेृस्कुन फिल्ड उपसमिति सदस्य आशाकुमारी अधिकारी, बागेश्वरी महिला साकोसका सचिव विमला थापामगर, उपयोगी सहस्राब्दी साकोसका अध्यक्ष दिनेश विडारी, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, लेखा समिति संयोजक ध्रुवप्रसाद पराजुली लगायत प्रतिनिधिको आतिथ्यता रहेको थियो ।

# मकवानपुरमा निस्टाको तदर्थ समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ नेपाल लोकतान्त्रिक संस्थागत तथा निजी विद्यालय शिक्षक संघ (निस्टा)को मकवानपुर जिल्ला तदर्थ समिति गठन गरिएको छ ।



नेपाली कांग्रेसको भातृसंस्थाको रुपमा मान्यता पाएको निजी तथा संस्थागत विद्यालयमा काम गर्ने शिक्षकको संस्था नेपाल लोकतान्त्रिक संस्थागत तथा निजी विद्यालय शिक्षक संघ (निस्टा)को पहिलोपटक शनिवार हेटौंडामा एक कार्यक्रमबीच तदर्थ समिति गठन गरिएको हो । समितिको अध्यक्षमा गोपालप्रसाद खतिवडा संयोजक रहेका छन् ।

यस्तै, सात सदस्यीय तदर्थ समितिको सदस्यमा शोभा गुरुङ, रचना बज्राचार्य, स्वस्तिका दाहाल, सुमंगला श्रेष्ठ, आयुष सुवेदी र सदस्य सचिवमा युवराज विश्वकर्मा रहेका छन् । नेपाली कांग्रेस मकवानपुर का जिल्ला सभापति बुद्ध लामा, निस्टाका केन्द्रीय महासचिव सुदीप बर्तौला, कांग्रेस बागमती प्रदेश सदस्य चम्फुरत्न लामा, जिल्ला सचिव भीमसेन महत, कांग्रेस मकवानपुरका जिल्ला सदस्य एवम् अनुशासन समितिका संयोजक प्रभात दाहाल लगायतको उपस्थितिमा समिति गठन गरिएको हो ।

पार्टी सभापति लामाले संस्थागत विद्यालयमा काम गर्ने नेपाली कांग्रेसमा आस्था राख्ने शिक्षकलाई सहभागी गराउँदै पेशागत मर्यादासँगै आफ्नो हकहितका लागि पनि एकजुट भएर लाग्न आग्रह गरे । केन्द्रीय महासचिव बर्तौलाले जिल्लामा विभिन्न निजी तथा संस्थागत विद्यालयमा कार्यरत लोकतान्त्रिक विचारधारा बोकेका शिक्षकशिक्षिकालाई एकतबद्ध गर्दै उनीहरुको क्षमता अभिवृद्धिसँगै आवश्यकता पर्दा हकहितका विषयमा आवाज उठाउने उद्देश्यले निस्टाको जिल्ला समिति गठन गरिएको बताए ।

तदर्थ समितिका संयोजक खतिवडाले विभिन्न रचनात्मक कार्यक्रमको आयोजना गर्दै पार्टी र संगठनलाई एकाकार गराउन भूमिका खेल्ने बताए । उनले लोकतान्त्रिक विचारमा आवद्ध हुन चाहने शिक्षकशिक्षिकालाई समेटेर छिट्टै एउटा बृहत भेलाको आयोजनाबाट जिल्ला समितिलाई पूर्णता दिने प्रतिवद्धता व्यक्त गरेका छन् ।

# बागमती प्रदेशसभामा तीनवटा विधेयकको प्रतिवेदन पेश

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ बागमती प्रदेशसभाको आइतबारको बैठकमा विभिन्न तीनवटा विधेयकको प्रतिवेदन पेश भएको छ । बैठकमा प्रदेश स्वास्थ्यसेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश कृषिविकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि समितिले तयार गरेको प्रतिवेदन पेश भएको हो ।

प्रतिवेदन शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सभापति ठाकुर प्रसाद ढकालले सभामुख भुवनकुमार पाठकको अनुमतिमा पेश गरेका हुन् । यसैगरी, बैठकमा उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठले प्रदेश हस्तकलाग्राम स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि समितिले गरेको निर्णयको प्रतिवेदन पेश गरेका छन् ।

यस्तै, बैठकमा सभामुख पाठकले कार्यव्यवस्था परामर्श समितिको हेरफेरको क्रममा सांसद् किरण थापामगरको स्थानमा सांसद् एकालाल श्रेष्ठलाई हेरफेर गरिएको जानकारी गराए । यसैगरी, बैठकमा मुख्यमन्त्री बहादुरसिं लामाले महालेखा परीक्षकको छैठौं वार्षिक प्रतिवेदन २०८१ प्रस्तुत गरेका थिए । सत्तापक्षका प्रदेशसभाका सदस्य केशवप्रसाद पोखरेलले राखेका ध्यानाकर्षणको प्रस्तावप्रति प्रदेश सरकारको ध्यानाकर्षण भएको सभामुख पाठकले बताए ।

प्रस्तावमा काठमाडौंको चन्द्रगिरी नगरपालिका-९ को २ (ख) मा विद्युतको उच्चभोल्टेज भएको ट्रास्फरमिटर राखिएको जग्गामा सर्वसाधारणले आफ्नो कारोबार गर्ने अवसरबाट बञ्चित भएकोले प्रदेश सरकारमार्फत् नेपाल विद्युत प्राधिकरणले ती सर्वसाधारण नागरिकलाई क्षतिपूर्ति दिन माग गरे । सभामुख पाठकले प्रदेशसभाको अर्को बैठक सोमबार ११ बजे बस्ने जानकारी दिएका छन् । बैठकमा तीनवटा विधेयकमाथि छलफल हुने सभामुख पाठकले बताए ।

# राजदेवी सहकारीको साधारणसभा, नयाँ समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ हेटौंडा उपमहानगरपालिका-१७ राजदेवीस्थित राजदेवी बचत तथा ऋण सहकारी संस्थाको साधारणसभा भएको छ । साधारणसभाले संस्थाको नयाँ नेतृत्व चयन गरेको छ ।

सहकारीको अध्यक्षमा र मेशकुमार पराजुली चयन भएका छन् । सहकारी संस्थाको शनिवार भएको २० औं वार्षिक साधारणसभाको बन्दसत्रले पराजुलीको अध्यक्षतामा ९ सदस्यीय नयाँ समिति सर्वसम्मत चयन गरेको हो । समितिको उपाध्यक्षमा लक्ष्मीकुमारी कर्माचार्य, सचिवमा श्यामलाल श्रेष्ठ र कोषाध्यक्षमा कृष्णप्रसाद पराजुली चयन भएका छन् । सदस्यमा कल्पना चौलागाई, शोविता तिमल्सिना, सुमित्रा लामा, उषा लुईटेल र उर्मिला बजगाई नेपाल चयन भएका छन ।

हेटौंडा-१७ का वडाअध्यक्ष उद्धव सत्यालको प्रमुख आतिथ्यता एवम् सहकारी अध्यक्ष मधुसुदन न्यौपानेको सभाध्यक्षतामा भएको साधारणसभामा अध्यक्ष न्यौपानेले संस्थागत प्रतिवेदन उपाध्यक्ष रामप्रसाद भट्टले ऋण उपसमितिको प्रतिवेदन, सचिव श्यामलाल श्रेष्ठले प्रगति प्रतिवेदन, कोषाध्यक्ष कृष्णप्रसाद पराजुलीले आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

सभामा ज्येष्ठ शेयरसदस्य रामबहादुर लामा, श्रीदेवी न्यौपाने, अपाङ्ग बालसदस्य सक्षम सञ्जेल, बढी बालबचत गर्ने शसांक श्रेष्ठ, संस्कृति धमला, बढी मासिक बचत गर्ने श्रीकृष्ण तिमल्सिना र असली कारोवारी निर्मला थापामगरलाई पुरस्कृत गरिएको थियो । ६ सय ५२ जना शेयरसदस्य र ३ सय ३२ जना बालबचतकर्ता रहेको सहकारीको शेयर पूँजी ६५ लाख २० हजार निक्षेप बचत ४ करोड २१ लाख १९ हजार ऋणलगानी ४ करोड ५६ लाख ६१ हजार रहेको ब्यवस्थापक हेमबहादुर कुँवरले बताए ।

# एनएमबि बैंकको खेतीकर्जा बागमती गाउँपालिकामा

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ एनएमबि बैक लिमिटेड, डिभी एक्सेलस प्रालि (खेतीएप) र मकवानपुरको बागमती गाउँपालिकाबीच सम्झौता भएको छ । गाँउपालिकामा रहेका किसान तथा कृषि ब्यवसायमा संलग्न ब्यक्तिलाई एनएमबि डिजिटल कर्जा (खेतीकर्जा) प्रवाह गर्ने सम्बन्धमा त्रिपक्षीय सम्झौता भएको हो ।

सम्झौतापत्रमा बैंकको तर्फबाट लघुवित्त तथा एमएसएमई प्रमुख डा. बुद्धि मल्ल, डिभी एक्सेलसका तर्फबाट सह-संस्थापक न्यूराज कार्की र गाँउपालिका अध्यक्ष सर्केश घलानले हस्ताक्षर गरेका छन् । एनएमबि बैंक र डिभी एक्सेलस प्रालिबीच खेतीएपमार्फत किसान तथा कृषि व्यवसायमा संलग्न ब्यक्तिलाई पूर्णरुपमा डिजिटल कर्जा प्रदान गर्नको लागि सम्झौता भएको हो ।

सम्झौताबमोजिम एनएमबि खेतीकर्जा प्रदान गर्दै आइरहेको बागमती गाउँपालिकाले कृषि ब्यवसायमा संलग्न ब्यक्तिलाई डिजिटल कर्जामार्फत उनीहरुलाई कर्जा लगानी सहज बनाएर कृषकको आर्थिक अवस्था सुदृढ गर्नको लागि तीनै वटा संस्था मिलि वित्तीयसाक्षरता कार्यक्रम संचालन गर्ने, प्राप्त गर्न योग्य किसानलाई कर्जाको लागि सहजीकरण गर्ने, ऋणीलाई अन्य बिभिन्न खालका परामर्श सेवा प्रदान गर्ने तथा कर्जा असुलीमा पनि सहयोग गर्ने जस्ता विषयमा सहमति भएको बताइएको छ ।

कार्यक्रममा गाँउपालिका अध्यक्ष घलानले किसानलाई कृषि व्यवसायमा उत्प्रेरित गर्नको लागि विभिन्न कार्यक्रम गरिरहेको र आफूले भरसक अझै बढी सहयोग गरेर कृषि व्यवसायलाई आधुनिकीकरण गर्ने र कृषि व्यवसायद्वारा ऋणीलाई वित्तीय अनुशासनमा रहेर व्यवसाय गर्न लगाई एउटा उदाहरणीय गाउँपलिका बनाउने प्रतिबद्धता ब्यक्त गरेका थिए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष र वडाअध्यक्षहरु, कृषि अधिकृतलगायत अन्य अधिकृतको समेत उपस्थिति रहेको थियो ।

अघिल्लो वर्ष बागमती र गण्डकी प्रदेशमा सुरु गरिएको एनएमबि खेतीकर्जा अब छिट्टै देशभर पु¥याउने तयारीमा लागिएको बताइएको छ । एनएमबि बैंकले हाल देशभर २०१ शाखा, १८७ एटिएम र ११ एक्सटेन्सन काउन्टर मार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको बताइएको छ ।

# पालिकास्तरीय फुटसल आयोजनाको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/सातौं संस्करणको मकवानपुरगढी गाउँपालिका स्तरीय रनिङशिल्ड फुटसल प्रतियोगिताको तयारी तीव्र पारिएको छ । प्रतियोगिता यही असोज १७ गतेदेखि हुनेछ ।

प्रतिभा युवा क्लब मकवानपुरगढी-४ को आयोजना तथा मकवानपुरगढी गाउँपालिकाको प्रायोजनमा प्रतियोगिता हुन लागेको हो । यसअघिका प्रतियोगिता गढी स्टार स्पोर्ट्स क्लब आयोजना गर्दै आएकोमा यस वर्षको प्रतियोगिता भने प्रतिभा युवा क्लबले आयोजना गर्न लागेको हो । असोज २० गतेसम्म संचालन हुने प्रतियोगिता मकवानपुरगढी गाउँपालिका-३, भानु माविको मिनिपिच (फुटसल) मा हुने क्लबका अध्यक्ष हेमबहादुर योञ्जनले जानकारी दिए ।

प्रतियोगितामा गाउँपालिका का सबै वडाबाट सहभागिता जनाउने अपेक्षा गरिएको अध्यक्ष योञ्जनले बताए । प्रतियोगितामा प्रथम र द्वितीय स्थान हाँसिल गर्ने समूहले क्रमश: ८० हजार र ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । गत वर्ष भएको छैटौं संस्करणको प्रतियोगितामा प्रतिभा युवा क्लब विजेता र आयोजक गढी स्टार स्पोर्ट्स क्लब उपविजेता भएको थियो । प्रतियोगितामा १६ वटा टिमले सहभागिता जनाएका थिए । नेपालीको महानपर्व विजयादशमी, शुभदीपावली, नेपाल संवत् एवम् छठपर्वको पावन अवसरमा हरेक वर्ष पालिकास्तरीय फुटसल प्रतियोगिता हुँदै आएको छ ।












साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना